## ६१ औं कार्यपालिका बैठक

आज मिति २०७६ साल चैत्र २० गते विहिवारको दिन यस गाउंपालिकाका अध्यक्ष श्री बल बहादुर अधिकारीज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति:**

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलबहादुर अधिकारी | अध्यक्ष | |
| २ | श्री एन्जिला तामाङ्ग | उपाध्यक्ष | |
| ३ | श्री बहादुर तमाङ्ग | वडा अध्यक्ष | |
| ४ | श्री फैसिंङ तामाङ्ग | वडा अध्यक्ष | |
| ५ | श्री विजय कुमार गुरुङ | वडा अध्यक्ष | |
| ६ | श्री हरिमान श्रेष्ठ | वडा अध्यक्ष | |
| ७ | श्री रामचन्द्र अधिकारी | वडा अध्यक्ष | |
| ८ | श्री भक्तबहादुर लामिछाने | वडा अध्यक्ष | |
| ९ | श्री बाबुराम न्यौपाने | वडा अध्यक्ष | |
| १० | श्री सुष्मा दमाई | कार्यपालिका सदस्य | |
| ११ | श्री विमामाया गुरुङ | कार्यपालिका सदस्य | |
| १२ | श्री तुले कामी | कार्यपालिका सदस्य | |
| १३ | श्री रत्नमाया घले | कार्यपालिका सदस्य | |
| १४ | श्री प्रविणा ढकाल थापा | कार्यपालिका सदस्य | |
| १५ | श्री शोभा उपरकोटी | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १६ | श्री विनोद रोका | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| १७ | श्री अर्जुन प्रसाद सापकोटा | लेखा अधिकृत | |
| १९ | डा. श्रवण कुमार यादव | चिकित्सक | |
| २० | श्री दिपक अधिकारी | स्वास्थ्य संयोजक | |
| २१ | श्री हेमन्त ढकाल | सूचना प्रविधि अधिकृत | |
| २२ | श्री श्याम विनय यादव | प्रमुख, ई.प्र.का | |
| २३ | श्री सदिक्षा तामाङ्ग | स्टाफ नर्स | |

प्रस्ताव तथा छलफलका विषयहरू:

१. दैनिक ज्याला मजदुर, वेवारिसे तथा वेसाहारा व्यक्तिहरूको लगत संकलन सम्बन्धमा।

२. राहत वितरण सम्बन्धमा।

३. आवश्यक वजेट व्यवस्थापन सम्बन्धमा।

४. बजार अनुगमन गर्ने सम्बन्धमा।

५. एकान्तबासको अनुगमन (Home Self Quarantine)तथा स्वास्थ्य परीक्षण गर्ने सम्बन्धमा।

६. स्वास्थ्यकर्मी लगायत अन्य कर्मचारीहरूको प्रोत्साहन भत्ता सम्बन्धमा।

७. संघ संस्थाहरूबाट प्राप्त राहत सम्बन्धमा।

८. विविध।

**निर्णय नं. १**

यस गाउँपालिकाका क्षेत्रभित्रका ७ वटै वडाहरूमा दैनिक ज्याला मजदुर, वेवारिसे तथा वेसाहारा व्यक्तिहरूको राहत वितरण गर्ने प्रयोजनका लागि सम्बन्धित वडाले सम्वत २०७६ चैत्र २१ गते (भोली) सम्ममा लगत संकलन गरी गाउँपालिकामा पठाउने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. २**

निर्णय नं. १ बमोजिम वडागत रूपमा संकलन गरिएको दैनिक ज्याला मजदुर, वेवारिसे तथा वेसाहारा व्यक्तिहरूको लगत बमोजिम प्रत्येक वडा समितिले प्रति परिवार देहायको दररेटमा नवढने गरी राहत उपलब्ध गराउने निर्णय गरियो र राहत वितरण गर्दा त्यस्ता व्यक्ति तथा परिवारको बस्ती, घर मै पुगी स्टोर, पसलको समन्वयमा वडाबाट वितरण गर्ने व्यवस्था मिलाउने । (***पुनश्च:*** राहत प्राप्त गर्न योग्य व्यक्तिहरूलाई गाउँपालिकाबाट तयार गरिएको निवेदन फाराम भर्न लगाउने, सम्बन्धित व्यक्तिको पासपोर्ट साइजको फोटो, नागरिकता प्रमाण प्रत्रको प्रतिलिपि लगायतका कागजात अनिवार्य संकलन गर्नुपर्नेछ) ।

**तपसिलः**

| सि.नं. | विवरण | परिमाण | दररेट प्रति केजी | कैफियत |
|---|---|---|---|---|
| १ | चामल | २५ किजी | प्रति केजी रू ७० | |
| २ | दाल | ३ केजी (मिक्स) | प्रति केजी रू १२० | |
| ३ | नुन | १ प्याकेट | प्रति प्याकेट रू ३० | |
| ४ | चिउरा | ३ केजी | प्रति केजी रू ७५ | |
| ५ | साबुन (नुवाउने) | १ पिस | प्रति पिस रू ३५ | |
| ६ | तेल | १ लिटर | प्रति लिटर रू १७० | |
| ७ | स्यानीटाइजर | १ पिस | पालिकाले उपलब्ध गराउने | |

**निर्णय नं. ३**

आ.व. ०७६/०७७ मा गाउँपालिकाले वातावरण तथा विपद् व्यवस्थापन शीर्षकमा विनियोजित वजेटले कोरोना भाइरस (COVID-19) रोकथाम तथा नियन्त्रणको लागि नपुग भएको स्वण्डमा अन्य अनुकुल शीर्षकबाट वजेटको व्यवस्थापन गरी औषधी, स्वास्थ्यजन्य सामाग्री, क्वारेन्टाइन व्यस्थापनको लागि आवश्यक सामाग्री लगायत राहत व्यवस्थापनको लागि आवश्यक वजेट व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस महामारीको घडीमा गाउँपालिका क्षेत्रभित्र संचालित स्वाद्यन्न, औषधी लगायत दैनिक उपभोग्य बस्तुहरूको सुपथ मूल्यमा विक्रि वितरण भए नभएको एकीन गर्न र सो नपाईएमा गाउँपालिकाले वजार अनुगमन निर्देशिका, २०७६ बमोजिम कारवाहीको दायरामा ल्याउन देहायको बजार अनुगमन समितिले सम्वत २०७६ चैत्र २१ गते शुक्रबार (भोली) देखि बजार अनुगमन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

तपसिलः

| | | |
|---|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) सम्बन्धित वडाको वडा अध्यक्ष वा प्रतिनिधि | सदस्य |
| (ग) लेखा अधिकृत, आर्थिक प्रशासन शाखा | सदस्य |
| (घ) प्रमुख, ईलाका प्रहरी कार्यालय | सदस्य |
| (ङ) स्वास्थ्य संयोजक, स्वास्थ्य सेवा शाखा | सदस्य - सचिव |

निर्णय नं. ५

बैदेशिक रोजगार (भारत लगायत अन्य तेश्रो मुलुक) तथा राजधानी लागयत अन्य जिल्लाबाट आफ्नो घरमा आएका एकान्तबास (Home Self Quarantine) तथा गाउँपालिकाले व्यवस्थापन गरेको क्वारेन्टाइन (Quarantine) मा बसेका व्यक्तिहरूको गाउँपालिकाको ग्रामीण अस्पतालको चिकित्सक डा. श्रवण कुमार यादवको संयोजकत्वमा देहायका पदाधिकारीहरू सहितको टोलीले स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

तपसिलः

| | |
|---|---|
| (क) डा. श्रवण कुमार यादव, ग्रामिण अस्पताल फुलखर्क | संयोजक |
| (ख) श्री दिपक अधिकारी, स्वास्थ्य संयोजक | सदस्य |
| (ग) सम्बन्धित वडाको स्वास्थ्य संस्था प्रमुख | सदस्य |
| (घ) श्री सदिक्षा तामाङ, स्टाफ नर्स | सदस्य |

(*नोटः* सम्बन्धित वडाको जनप्रतिनिधि तथा गाउँपालिकाको अध्यक्ष एवं उपाध्यक्ष समेत उक्त टोलीमा संलग्न हुन सक्नु हुनेछ ।)

निर्णय नं. ६

विश्वभर संक्रमणको रूपमा फैलिएको कोरोना भाइरसको रोकथाम तथा नियन्त्रण कार्यमा नेपाल सरकारले तोकिएको लकडाउन अवधीमा संलग्न गाउँपालिका तथा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी एवं कार्यालय सहयोगी लगायतका कर्मचारीहरूलाई लकडाउन अवधीको निजहरूको शुरू तलव स्केलको ५० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७

विश्वभर संक्रमणको रूपमा फैलिएको कोरोना भाइरसको रोकथाम तथा नियन्त्रण कार्यमा यस गाउँपालिकामा कार्यरत एवं वाह्य संघ संस्थाहरूले स्वास्थ्यजन्य तथा राहत समाग्री दिन चाहेको खण्डमा गाउँपालिकासँग समन्वय गरी पालिकाको स्वीकृत लिएर मात्र एकद्धार प्रणाली मार्फत राहत वितरण गर्ने निर्णय गरियो ।

विविधः

(क) सम्वत २०७६ चैत्र ११ गते गाउँपालिकाका अध्यक्ष एवं पालिकास्तरीय कोरोना भाइरस रोकथाम तथा नियन्त्रण समन्वय समितिकाको संयोजकको संयोजकत्वमा बसेको बैठकको निर्णय नं. ६ मा ३ (तीन) दिन होम सेल्फ क्वारेन्टाइनमा बस्ने भएकोमा सो नभई १४ (चौध) दिन अर्थात २ हप्ता होम सेल्फ क्वारेन्टाइनमा बस्ने स्पष्ट पारिएको छ ।

(ख) [illegible]

ढोरजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल